THE FREEDOM FUND

# आवेदनका लागि आह्वान

## सर्भाइभर लिडरसिप फन्ड – नेपाल 2026

फ्रिडम फन्ड विशेष गरी नेपालमा पीडितहरूको नेतृत्वमा सञ्चालित संस्थाहरु (SLOs) का लागि खुला सर्भाइभर लिडरसिप फन्ड (SLF) को नयाँ चरणको घोषणा गर्न पाउँदा हर्षित छ। SLF शोषणबाट सबैभन्दा बढी प्रभावित व्यक्तिहरूलाई पुनः सशक्तीकरण गर्न डिजाइन गरिएको एक अभूतपूर्व पहल हो। जबरजस्ती श्रम, बँधुवा श्रम र मानव बेचबिखनलगायत आधुनिक दासत्वको प्रत्यक्ष अनुभव गरेका व्यक्तिहरुमा यी अभ्यासहरु अन्त्य गर्न विश्वव्यापी आन्दोलनको नेतृत्व गर्न वैधता र विशेषज्ञता छ भन्ने कुरामा हामीलाई विश्वास छ।

### कोषको बारेमा

पीडितहरूको नेतृत्वमा सञ्चालित धेरै संस्थाहरु दिगो बन्न आवश्यक पर्ने मुख्य कोषमा पहुँच प्राप्त गर्न संघर्षरत छन्। SLF ले तपाईंको संस्थालाई क्षमता अभिवृद्धि गर्न र प्रभावमा सुधार गर्न कोषको कसरी सर्वोत्तम प्रयोग गर्ने भनेर निर्धारण गर्न मिल्ने गरी अनुदान प्रदान गरेर यो समस्याको सम्बोधन गर्दछ।

- **अनुदान रकम:** $20,000 सम्म
- **अनुदानको प्रकार:** निसर्त (कार्यसञ्चालन, कार्यक्रम, कार्यालय खर्च, प्रविधि, आदिका लागि प्रयोग गर्न सकिने)।
- **अवधि:** एक वर्ष, छनोट गरिएका साझेदारहरूका लागि दोस्रो वर्ष $25,000 अनुदानको सम्भावना सहित।

### कसले आवेदन गर्न सक्छ?

हामी नेपालमा निम्न मापदण्ड पूरा गर्ने पीडितहरूको नेतृत्वमा सञ्चालित उदीयमान र विकासशील संस्था र/वा समूहहरु खोजिरहेका छौँ:

- **पीडितहरूको नेतृत्व:** संस्थामा शोषणको प्रत्यक्ष अनुभव गरेका एक वा बढी व्यक्तिहरू नेतृत्वदायी भूमिकामा (जस्तै, निर्देशक, उपनिर्देशक, वरिष्ठ व्यवस्थापन वा विभागीय प्रमुख) हुनुपर्दछ।
- **केन्द्रित क्षेत्रहरु:** हामी आधुनिक दासत्वलाई प्रत्यक्ष रुपमा सम्बोधन गरिरहेका र/वा आधुनिक दासत्वको जोखिममा रहेका कमजोर समुदायहरुमा ध्यान केन्द्रित गरिरहेका समुदाय स्तरमा सञ्चालन भइरहेका विकासशील संस्थाहरूलाई प्राथमिकता दिन्छौँ। कृषि बँधुवा श्रम, अन्य बँधुवा श्रम क्षेत्र, महिलाले नेतृत्व गरेको संस्थाद्वारा बाल विवाह, जबरजस्ती विवाह र महिला तथा बालिका विरुद्धको हिंसा (VAWG) को क्षेत्रमा काम गर्ने संस्था र समूहहरूलाई प्राथमिकता दिइने छ।
- **स्थान:** संस्था नेपालभित्र अवस्थित र सञ्चालनमा रहेको हुनुपर्ने छ। मधेश प्रदेशका पीडितहरूको नेतृत्वमा सञ्चालित संस्थाले बढी प्राथमिकता पाउने छन्।
- **कानुनी स्थिति:** संस्थाहरु दर्ता भएको हुनुपर्ने छ

## कसरी आवेदन गर्ने

1. **आवेदन बुझाउनुहोस्:** संस्थाका जो कोहीले पनि आवेदन दिन सक्छन्; *अङ्ग्रेजी* भाषाको आवेदन फाराम र *नेपाली* भाषाको आवेदन फारामको लागि छुट्टाछुट्टै लिङ्क थिच्नु होला । आवेदन पेस गर्ने व्यक्ति पीडित व्यक्तिको रूपमा पहिचान गर्ने व्यक्ति हुनु आवश्यक छैन।
2. **छलफल:** छोटो सूचीमा परेका आवेदकहरूलाई फ्रिडम फन्डका कर्मचारीहरूको प्यानलसमक्ष आफ्नो कामको बारेमा चर्चा गर्न आमन्त्रित गरिने छ। अनुवाद प्रदान गर्नुपर्ने छ।

## अतिरिक्त स्रोतहरू

1. सर्भाइभर लिडरसिप फन्ड आवेदन गाइड अङ्ग्रेजी र नेपाली भाषामा उपलब्ध छ।
2. अङ्ग्रेजी र नेपाली भाषामा बारम्बार सोधिने प्रश्नहरू

**आवेदन दिने अन्तिम मिति:** ४ मे २०२६ (4th May 2026)
**सम्पर्क विवरण:** प्रश्नहरू भएमा वा आवेदन गाइड प्राप्त गर्न, कृपया SLF@freedomfund.org मा इमेल गर्नुहोस्।